आज मिति २०७७/०३/२३ गते यस सुन्दरबजार नगरपालिकाको छैटौ नगरसभाको दोश्रो बैठक यस नगरपालिकाका नगर प्रमुख श्री जनकराज मिश्र ज्यूको अध्यक्षतामा बस्यो । उक्त सभाको उपस्थिति तपशील अनुसार रह्यो/गरियो ।

## तपशील

क.उपस्थिति

| क.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख (अध्यक्ष) | श्री जनक राज मिश्र | |
| २ | नगर उप प्रमुख | श्री ज्ञानु शाह | |
| ३ | वडा अध्यक्ष वडा नं.- १ | श्री सुर्य बहादुर दुरा | |
| ४ | वडा अध्यक्ष वडा नं.- २ | श्री नविन कुमार श्रेष्ठ | |
| ५ | वडा अध्यक्ष वडा नं.- ३ | श्री अमृत नेउपाने | |
| ६ | वडा अध्यक्ष वडा नं.- ४ | श्री कृष्ण राज खनिया | |
| ७ | वडा अध्यक्ष वडा नं.- ५ | श्री लिलित गुरुङ | |
| ८ | वडा अध्यक्ष वडा नं.- ६ | श्री रघुनाथ मिश्र | |
| ९ | वडा अध्यक्ष वडा नं.-७ | श्री जयराम रेग्मी | |
| १० | वडा अध्यक्ष वडा नं.- ८ | श्री कृष्ण कान्त अधिकारी | |
| ११ | वडा अध्यक्ष वडा नं.- ९ | श्री मोती प्रसाद गुरुङ | |
| १२ | वडा अध्यक्ष वडा नं.- १० | श्री जय बहादुर अधिकारी | |
| १३ | वडा अध्यक्ष वडा नं.- ११ | श्री प्रेम बहादुर दुरा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री भवानी के.सी | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी पोखरेल | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री चन्द्रमा घिमिरे | |
| १७ | नगर कार्यपालिका सदस्य | सुरेश कुमार दुरा | |
| १८ | नगर कार्यपालिका सदस्य | श्रीमती शान्ता भुजेल | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री राजेन्द्र दर्जी | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बुद्ध कुमारी सुवर्णकार | |
| २१ | वडा सदस्य १ | श्री धनमति गुरुङ | |
| २२ | वडा सदस्य १ | श्री शर्मिला ठडराई | |
| २३ | वडा सदस्य १ | श्री कर्ण बहादुर गुरुङ | |
| २४ | वडा सदस्य १ | श्री बाबु राम सोती | |
| २५ | वडा सदस्य २ | श्री जगत बहादुर खड्का | |
| २६ | वडा सदस्य २ | श्री विन्दु थापा क्षेत्री | |
| २७ | वडा सदस्य २ | श्री फुल माया नेपाली (सार्की) | |
| २८ | वडा सदस्य २ | श्री पुन कुमार श्रेष्ठ | |
| २९ | वडा सदस्य ३ | श्री बाल कुमारी दनाई | |

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| ३० | वडा सदस्य ३ | श्री पार्वती देवी वि.क | |
| ३१ | वडा सदस्य ३ | श्री कृष्ण प्रसाद अधिकारी | |
| ३२ | वडा सदस्य ३ | श्री डमर बहादुर गुरुङ | |
| ३३ | वडा सदस्य ४ | श्री बिमला देवी न्यौपाने | |
| ३४ | वडा सदस्य ४ | श्री सरस्वती परियार | |
| ३५ | वडा सदस्य ४ | श्री रेल बहादुर गुरुङ | |
| ३६ | वडा सदस्य ५ | श्री ज्ञान राज खानिया | |
| ३७ | वडा सदस्य ५ | श्री सारदा भट्टराई | |
| ३८ | वडा सदस्य ५ | श्री चन्द्र माया दर्जी | |
| ३९ | वडा सदस्य ५ | श्री यम बहादुर गुरुङ | |
| ४० | वडा सदस्य ५ | श्री श्रीकृष्ण कोइराला | |
| ४१ | वडा सदस्य ६ | श्री कृष्ण मान श्रेष्ठ | |
| ४२ | वडा सदस्य ६ | श्री बल बहादुर कुँवर | |
| ४३ | वडा सदस्य ७ | श्री देवीमाया दर्जी | |
| ४४ | वडा सदस्य ७ | श्री आनन्द राज श्रेष्ठ | |
| ४५ | वडा सदस्य ७ | श्री देबराज गुरुङ | |
| ४६ | वडा सदस्य ८ | श्री अनिता दुलाल सार्की | |
| ४७ | वडा सदस्य ८ | श्री ऋषि राम ढकाल | |
| ४८ | वडा सदस्य ८ | श्री केशर बहादुर कुँवर | |
| ४९ | वडा सदस्य ९ | श्री अमोल खनाल | |
| ५० | वडा सदस्य ९ | श्री कृष्ण मान आर्चाय | |
| ५१ | वडा सदस्य १० | श्री बिना न्यौपाने | |
| ५२ | वडा सदस्य १० | श्री कालीमाया अछामे | |
| ५३ | वडा सदस्य १० | श्री पदम बहादुर दुरा | |
| ५४ | वडा सदस्य १० | श्री प्रेम बहादुर विष्ट | |
| ५५ | वडा सदस्य ११ | श्री सरिता दुरा | |
| ५६ | वडा सदस्य ११ | श्री सन्त माया सार्की | |
| ५७ | वडा सदस्य ११ | श्री जगन काजि दुरा | |
| ५५ | वडा सदस्य ११ | श्री तुल बहादुर दुरा | |
| ५९ | सचिव | श्री ठाकुर जी तिवारी | |

सुन्दरबजार नगरपालिका

**छैटौं नगर सभा**

# बजेट तथा कार्यक्रम

(आ.व.२०७७/०७८)

**सुन्दरबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**गण्डकी प्रदेश,नेपाल**

## सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम

आदरणीय नगर प्रमुख ज्यू

नगर सभाका सदस्यहरु

१. यस नगर सभा समक्ष सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले आफूलाई गौरवशाली सम्झेको छु। यतिबेला विश्वव्यापी महामारी कोरोनाको कहरका बीच सम्पूर्ण नगरबासीहरुलाई कोरोनाबाट सुरक्षित गर्दै निरोगी सुन्दरबजार बनाउनुपर्ने दायित्वबोध गरेको छु । यस अवसरमा म लोकतान्त्रिक नेपाल निर्माणको महाअभियानमा सञ्चालित सबै आन्दोलन र क्रान्तिका शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु । घाइतेहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै बेपत्ता भएका नागरिकहरु लगायत सबै द्वन्द्व पीडितहरु प्रति भावपूर्ण सम्मान व्यक्त गर्दछु ।

२. कोरोनाको संक्रमणबाट सुन्दरबजार नगरपालिका पनि अछुतो रहेन । विदेशबाट आई क्वारेन्टिनमा बसेका सुन्दरबजारबासीहरु संक्रमित भेटिए पनि समुदाय स्तरमा नफैलिएकाले अझै आत्तिहाल्नु पर्ने अवस्था देखिएको छैन । तथापि पर्याप्त सावधानी अपनाउनुपर्ने अवस्था विद्यमान छ। कोरोना संक्रमित सुन्दरबजार नगरपालिकाबासी लगायत कोरोनाबाट संक्रमित सम्मूर्ण मानव जाति प्रति पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । अर्थतन्त्र लगायत मानव समाजमा परेको कोरोनाको असर कम गर्ने रणनीतिमा विश्व समुदाय प्रति ऐक्यबद्धता जनाउँदछु ।

३. कोरोनाको प्रभावका कारण विश्व अर्थतन्त्र र आर्थिक वृद्धिदर खुम्चिएको छ। चालु आर्थिक वर्षमा सुन्दरबजार नगरपालिकाको पनि राजस्व बाँडफाँडबाट प्राप्त हुने रकममा झण्डै २ करोड ५० लाख कमी हुन आएको छ। जसका कारण यस आर्थिक वर्षबाट आगामी आर्थिक वर्षमा सर्ने दायित्व कम भई आगामी आर्थिक वर्षमा न्यून बजेट हुन जाने निश्चित छ। साथै आगामी आर्थिक वर्षमा राजस्व संकलनमा कटौती भई आन्तरिक आय तथा राजस्व बाँडफाँडबाट हुने आय घट्ने सम्भावना छ। अर्को तर्फ कोभिड १९ कै कारण पेशा, व्यवसाय तथा

रोजगारी गुमाई स्वदेश तथा विदेशबाट नगरपालिकामा फर्किने सीपयुक्त दक्ष, अर्धदक्ष र अदक्ष युवाहरु तथा अन्य नागरिकहरुको संख्या उल्लेख्य रुपमा बढेको छ। फलत: नगरपालिकाका बस्ती तथा गाउँहरुमा विशेष गरी कृषि उत्पादनका क्रियाकलापहरुमा बढोत्तरी भएको छ।

४. कोरोनाले कुनै भूगोल, समुदाय चिन्दैन। सबैलाई उत्तिकै जोखिम छ। यो हाम्रो साझा समस्या हो। यसबाट मुक्त हुन हामी सबैको साझा प्रयत्न चाहिन्छ। फुटेर होइन जुटेर मात्रै समस्याको असर न्यूनीकरण गर्न सकिन्छ। यस असामान्य परिस्थितिमा कोरोनाका कारण परेको स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्ने, कोरोना प्रभावितहरुको दैनिक गुजारामा राहत पुऱ्याउने र अबरुद्ध उत्पादन तथा आर्थिक गतिविधिको पुनरुत्थान गर्ने विषयलाई केन्द्रित गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तय गरेको छु।

५. यसरी साधन स्रोत घट्ने तर नगरपालिकाले व्यवस्थापन गर्नुपर्ने नागरिकहरुको संख्या र सेवाको परिमाण थपिने विषम परिस्थितिका बीच आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम पेश गरिरहँदा म झनै गम्भीर बनेको छु। यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामी उठ्न सक्छौं र हामी उठ्ने छौं भन्ने आत्मविश्वास लिएको छु। यही दृढताका साथ नीति तथा कार्यक्रमको छलफलका क्रममा नगर सभा सदस्यहरुले दिनु भएका सुझाव तथा नागरिक समाजका व्यक्तिहरुबाट प्राप्त सुझाव समेत समेटी बजेट तथा कार्यक्रमहरु तय गरेको छु।

६. अब म चालु आ.व.को आम्दानी संशोधन गरी ४३ करोड २३ लाख ३३ हजार क़ायम गरिएको छ। चालु खर्च तर्फ ३१ करोड ५४ लाख ९० हजार ७०० रुपैयाँ अनुमान गरिएको छ। पूँजीगत तर्फ आम्दानी १५ करोड ७२ लाख ३२ हजार र खर्च तर्फ ११ करोड २१ लाख ५५ हजार ३०० को संशोधित अनुमान गरिएको छ।

आदरणीय नगर प्रमुख ज्यू

७. नगरपालिकाले यस आर्थिक वर्षमा केही महत्वपूर्ण कार्य सम्पादन गरेको छ।

८. विश्वव्यापी महामारीकी रुपमा फैलिएको कोभिड १९ रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाले महत्वपूर्ण स्रोत साधन तथा संयन्त्र परिचालन गरी स्थानीय तहको औचित्य सावित गरेको छ ।

९. नगरपालिकाको प्रशासकीय भवन सहित भौतिक सुधारका कामहरु द्रुत गतिमा अगाडि बढेका छन् । नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य यसै आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न भइसक्नेछ ।

१०. कोभिड १९ कारण अलपत्र परेका विपन्न मजदूर लगायत स्वदेश तथा विदेशका नागरिकलाई नगरपालिकाको सवारी साधन प्रयोग गरी घरसम्म पुऱ्याउने, राहत उद्धार मार्फत खानेबस्ने व्यवस्था मिलाउने कार्यबाट नगरपालिकाले मानवता जिउँदो रहेको प्रमाण पेश गरेको छ ।

११. स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ । विद्यार्थी संख्या, जनसंख्या र भूगोलका आधारमा आवश्यकता अनुसार विद्यालय गाभ्ने कार्यबाट विद्यार्थीको समुचित व्यवस्थापन, शैक्षिक गुणस्तर वृद्धिमा सकारात्मक प्रभाव पर्नुका साथै अनावश्यक आर्थिक बोझ तथा भार घटेको छ ।

आदरणीय नगर प्रमुख ज्यू

१२. अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क) कोरोना लगायत सबै प्रकारका संक्रामक रोग तथा विपदबाट जनताको जिउधनको रक्षा गर्दै जनजीविका सहज र सुरक्षित गर्ने

ख) कृषि उत्पादन र रोजगारलाई मध्यनजरमा राखी उपलब्ध स्रोत साधनको अधिकतम उपभोग गर्दै आर्थिक पुनरुत्थान गरी विकासको गतिलाई तीब्रता दिने

ग) कोरोनाका कारण उत्पन्न विषम परिस्थितिले पारेको जोखिमलाई छल्न सबै प्रकारका उपायहरु अवलम्बन गर्दै अबरुद्ध प्राय: सिकाइलाई निरन्तरता दिने

घ) उत्पादन र रोजगारमा युवा परिचालन गर्दै सुरक्षित ढंगले सामाजिक पुनसञ्चालन गर्ने

ङ) जनताको खाद्य सुरक्षाको संवैधानिक अधिकारको प्रत्याभूति गर्न सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरी खाद्य आपूर्ति श्रृङ्खला व्यवस्थित गर्ने

१३. बजेटका उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता र कार्यक्रम मिलाएको छु ।

क) सामुदायिक स्वास्थ्य सेवा मार्फत जनतामा स्वास्थ्य सचेतना वृद्धि, कोरोना लगायत अन्य संक्रामक रोगबाट बच्न सचेतना अभिवृद्धि तथा प्रभावित व्यक्ति तथा समुदायलाई राहत व्यवस्थापन

ख) हत्तपत्त रोग नलाग्न र लागिहाले पनि रोगसँग लड्न शारीरिक प्रतिरक्षा प्रणाली सुदृढ गर्न स्वस्थकर खानपान तथा दैनिक व्यबहार परिवर्तन गर्न जनतामा उत्प्रेरणात्मक वाताबरण सिर्जना

ग) आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने गरी आवश्यक स्रोत साधन, जनशक्ति र उपकरण सहित स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि

घ) बेरोजगार युवा तथा कोभिड १९ को जोखिमका कारण पेशा तथा रोजगारी गुमाएका युवाहरुलाई लक्षित गर्दै कृषि तथा पशुपालन गर्ने साना किसान, सामूहिक तथा सहकारी फर्महरुलाई मल, बीऊ, उपकरण, औषधी आदिमा सहुलियतको व्यवस्थापन

ङ) युवा जनशक्तिको पर्याप्त परिचालन मार्फत कृषि उत्पादनमा उल्लेख्य वृद्धि गर्दै सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा खाद्य आपूर्ति श्रृङ्खलाको समुचित प्रबन्ध

च) उपलब्ध पूँजीको अधिकतम परिचालन तथा व्यवसायिक गतिविधि मार्फत रोजगारी सिर्जना

छ) कृषि उत्पादन देखि संकलन तथा वितरणसम्म कृषकहरुको सहभागिता सहितका कृषि सहकारी परिचालन

ज) सिकाइका वैकल्पिक उपायहरु अवलम्बन मार्फत अबरुद्ध सिकाइ गतिविधिमा रहेका बाधा हटाई सिकाइ निरन्तरता

झ) सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी आधुनिक प्रविधि मैत्री गतिविधि सञ्चालन

आदरणीय नगर प्रमुख ज्यू

अब म आगामी आर्थिक वर्षको विनियोजन विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

कोरोना प्रतिकार्य तथा स्वास्थ्य

१४: कोभिड १९ लगायत सबै खाले सर्ने रोगहरु तथा नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था सुधार, जनशक्ति व्यवस्था, गुणस्तरीय स्वास्थ्य सेवा, औषधी तथा उपकरणको व्यवस्था गर्न स्वास्थ्य क्षेत्रमा सशर्त अनुदान बाहेक आन्तरिक स्रोत तर्फ यथेष्ट बजेट वृद्धि गरेको छु ।

१५. कोरोनाको महामारीको सम्भावित जोखिमलाई मध्यनजर गर्दै आवश्यकता अनुसार क्वारेन्टिन व्यवस्थापन, स्वास्थ्य सामग्रीको प्रबन्ध, राहत वितरण आदि अत्यावश्यक कार्य मार्फत कोरोनाका विरुद्ध लड्नका लागि कोरोना प्रतिकार्य कोष स्थापना गर्न १ करोड रुपैयाँ विनियोजन गरेको छु ।

१६. यथा समयमा स्वास्थ्योपचार पुऱ्याउन छिटो साधन मार्फत अस्पतालसम्म लग्ने एम्बुलेन्स तथा छिटो भन्दा छिटो लास व्यवस्थापनमा सहयोग पुऱ्याउन शव बाहन व्यवस्था गर्ने कार्यक्रम तय गरेको छु । यसका लागि आन्तरिक स्रोतबाट ३० लाख रुपैयाँ छुट्याएको छु ।

१७. मसलन्द, बिजुली पानीको प्रबन्ध, मसलन्द जस्ता अत्यावश्यक सामग्रीको सुव्यवस्था मिलाई उपयुक्त वातावरण सिर्जना गर्न स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि १६ लाख ५० हजार रुपैयाँ व्यवस्था गरेको छु ।

१८. स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण तथा सामग्रीको प्रबन्ध गरी स्वास्थ्य संस्थाको क्षमता विकास गर्नका लागि ११ लाख रुपैयाँ विनियोजन गरेको छु ।

१९. दीर्घ रोग पहिचान तथा उपचार, जेष्ठ नागरिक घदैलो स्वास्थ्य सेवा जस्ता कार्यक्रम सञ्चालन मार्फत अपाङ्ग, अशक्त तथा वृद्धवृद्धाहरुलाई घरघरमा सेवा दिनका लागि बजेट व्यवस्था गरेको छु ।

२०. स्वास्थ जीवनशैली अपनाउन योगाभ्यासको महत्वलाई ख्याल गर्दै प्रत्येक वडामा आरोग्य केन्द्र वा योगकेन्द्र सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु ।

२१. नियमित स्वास्थ्य संस्था नभएका वडाहरु तथा भौगोलिक रुपले स्वास्थ्य संस्थासम्म पुग्न असहज हुने क्षेत्रका लागि शहरी स्वास्थ्य केन्द्रलाई निरन्तरता दिएको छु । यसका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु ।

२२. कोरोनाको जोखिमका बावजुद अग्रपंक्तिमा खटिने चिकित्सक तथा स्वास्थ्यकर्मी तथा नियमित समय बाहेक अतिरिक्त समयमा सेवा दिने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रोत्साहनका लागि बजेटको प्रबन्ध मिलाएको छु ।

२३. लमजुङ जिल्लाकै पहिलो सरकारी अस्पताल सुन्दरबजार अस्पताल नगरपालिका अन्तर्गत रहेको सन्दर्भमा उक्त अस्पतालका लागि एकमुष्ठ अनुदान स्वरुप २५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

२४. सशर्त अनुदान तर्फ ७ करोड ३१ लाख र आन्तरिक स्रोत तर्फ २ करोड ७५ लाख ३० हजार गरी स्वास्थ्य क्षेत्रमा जम्मा १० करोड ६ लाख ३० हजार रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म कृषि तथा सहकारी तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२५. सुन्दरबजार नगरपालिकाको आर्थिक मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रलाई विकास गर्न किसानलाई उत्पादनदेखि वितरणसम्म सहयोग र सहुलियत पुऱ्याउन कृषि सहकारी परिचालन गर्न १० लाख ५० हजार रुपैयाँ बजेट व्यवस्था गरेको छु ।

२६. सहकारीहरुको नियमन तथा क्षमता विकास गरी कोपोमिसमा आबद्ध गर्न सहकारीकर्मी प्रशिक्षण गर्ने कार्यक्रम मिलाएको छु । यसका लागि ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

२७. कोभिड १९ को प्रभावको कारण नगरपालिकाका गाउँ बस्तीमा भित्रिएका सीपयुक्त युवाहरुलाई लक्षित गरी सामूहिक कृषि उत्पादन प्रणाली विकास गर्न खेर गइरहेको बाँझो तथा पर्ती जमीन खोला किनाराको बगर लिजमा लिई

सामुहिक रुपमा कृषि तथा पशुपालन गर्न चाहने युवाहरुलाई त्यस्तो जग्गाको लगत तयार गरी लिजमा दिने गरी ती समूहहरुलाई सहयोग तथा सहुलियत दिन विभिन्न शीर्षकमा बजेट व्यवस्था गरेको छु ।

२८. जग्गा चक्लाबन्दी गरी सामूहिक खेती वा पशुपालन गर्न चाहने घर परिवारलाई मापदण्ड बनाई चक्लाबन्दी गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको केही अंश सहयोग गर्न २ लाख रुपैयाँ विनियोजन गरेको छु । साथै यस प्रकारका कृषि वा पशुपालन फर्महरुलाई सहयोग र सहुलियत दिन बजेटको व्यवस्था मिलाएको छु ।

२९. कृषिमा आधुनिकीकरण गरी न्यून लगानीबाट उच्च प्रतिफल हासिल गर्ने उद्देश्यले कृषि उपकरण सहयोग तर्फ ७ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३०. विपन्न नागरिक तथा सामूहिक फर्म वा सहकारीका लागि विभिन्न तरकारी तथा खेतीबालीको बीऊ वितरण गर्न रकम छुट्याएको छु ।

३१. साना सिंचाई कार्यक्रम तर्फ ५ लाख रुपैयाँ विनियोजन गरेको छु । यसबाट सानातिना कुलो तथा पाईप मार्फत कृषियोग्य जमीन सिंचाई हुने अपेक्षा गरेको छु ।

३२. माटोको प्रकृति अनुसार खेती गर्ने पद्धति विकास गर्न नियमित माटो परीक्षण गरी किसानलाई उपयुक्त बाली लगाउन परामर्श दिने उद्देश्य सहित यस कार्यक्रम तर्फ ३ लाख रुपैयाँ छुट्याएको छु ।

३३. कृषि तथा सहकारी क्षेत्रमा सशर्त तर्फ ६४ लाख ४७ हजार र आन्तरिक स्रोत तर्फ ९३ लाख ८२ हजार गरी जम्मा १ करोड ५८ लाख २९ हजार रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म पशु सेवा तर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३४. पशुपालक किसानलाई गोठमै पुगेर परीक्षण, उपचार र उपयुक्त परामर्श उपलब्ध गराउन प्रविधिक सेवा दिने व्यवस्था मिलाएको छु । यसका लागि

आवश्यक प्राविधिक तथा सेवा पुऱ्याउन विभिन्न शीर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु ।

३५. किसानलाई सम्भावित जोखिमबाट सुरक्षित गर्न पशु पञ्छी वीमामा सहुलियत कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि १ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३६. पशुपञ्छीमा लाग्ने आन्तरिक तथा बाह्य परजीवी नियन्त्रणका लागि पशुगोठमै पुगेर सेवा दिन १ लाख रुपैयाँ विनियोजन गरेको छु ।

३७. पशुपञ्छीमा लाग्ने रोग विरुद्ध दिइने विभिन्न खोप कार्यक्रमका लागि १ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३८. पशुपालनमा आधुनिकीकरण गर्दै उत्पादन वृद्धि गर्न वास्तबिक पशुपालकलाई मिल्की मेशीन, ह्याचरी आदि उपलब्ध गराउन उपयान्त्रिकीकरण कार्यक्रमको व्यवस्था मिलाएको छु । जसका लागि ८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

३९. स्वस्थकर मासु उत्पादन र बेचबिखनलाई प्रभावकारी बनाउने व्यवस्था मिलाउन मासुपसल सुधार तथा सहयोगलाई निरन्तरता दिएको छु । यसका लागि ३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

४०. सशर्त अनुदान तर्फ ५८ लाख ५३ हजार र आन्तरिक स्रोत तर्फ ४३ लाख ४५ हजार गरी पशु सेवा क्षेत्रमा जम्मा १ करोड १ लाख ९८ हजार रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म उद्यम तथा व्यवसाय क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४१. कोभिड १९ को जोखिमले गर्दा पेशा तथा रोजगारी गुमाएका युवा लगायत अन्य नागरिकहरु स्वदेश तथा विदेशबाट नगरपालिकामा फर्किने सिलसिला जारी छ । यसरी घरगाउँमा फर्केका युवाहरुको सीप, क्षमता तथा साधन स्रोत परिचालन गरी रोजगार तथा स्वरोजगार सिर्जना गर्न उद्यम तथा व्यवसाय क्षेत्रको विकास गर्न उल्लेख्य बजेटको व्यवस्था गरेको छु ।

४२. बेरोजगार तथा न्यून आय भएका अर्ध बेरोजगारलाई उपयुक्त पेशा व्यवसाय सञ्चालन गर्न प्रेरित गर्दै निजहरुको व्यवसायमा ऋण सहयोग उपलब्ध गराउन

नगर प्रमुख युवा उद्यम विकास तथा रोजगार कोषको व्यवस्था गरेको छ। यस कोषका लागि १ करोड रुपैयाँ विनियोजन गरेको छु।

४३. संघ सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिंदै उक्त कार्यक्रममा साझेदारीका लागि आन्तरिक स्रोतबाट ५० लाख रुपैयाँ छुट्याएको छु।

आदरणीय नगर प्रमुख ज्यू

अब म शिक्षा तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४४. मानव संशाधन विकास तथा सामाजिक विकासको महत्वपूर्ण आधार शिक्षा क्षेत्रमा यथेष्ट बजेटको व्यवस्था गरेको छु।

४५. कोरोनाको प्रभावका कारणले विद्यालय तथा शैक्षिक संस्थाहरु सञ्चालन नभई संवेदनशील उमेरका बालबालिका तथा किशोरकिशोरीहरुको सिकाइ अबरुद्ध हुँदा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिनका लागि ३ लाख रुपैयाँ विनियोजन गरेको छु।

४६. अत्यन्त न्यून पारिश्रमिकमा सेवा गरिरहेका बाल विकास केन्द्रका सहजकर्ताहरुलाई थप सहुलियत उपलब्ध गराउन ९ लाख ३६ हजार रुपैयाँ विनियोजन गरिएको छ।

४७. शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक अनुसन्धान तथा विकास गर्न शिक्षा विकास कोषका लागि ३ लाख रुपैयाँ विनियोजन गरेको छु।

४८. विद्यालय कर्मचारीहरु, बालविकास केन्द्रका सहजकर्ताहरु लगायत कार्यथलोमा बसेर काम गर्ने पदाधिकारीहरुको क्षमता विकासका लागि उल्लेख्य बजेटको व्यवस्था गरेको छु।

४९. सशर्त अनुदान तर्फ १८ करोड ४८ लाख र आन्तरिक स्रोत तर्फ ४२ लाख ८६ हजार गरी शिक्षा क्षेत्रमा जम्मा १८ करोड ९० लाख ८६ हजार रुपैयाँ विनियोजन गरेको छु।

आदरणीय नगर प्रमुख ज्यू

अब म सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५०. नगरपालिकालाई स्मार्ट नगरपालिकाको रुपमा विकास गरी शिक्षा, स्वास्थ्य, सहकारी, कृषि, पशुपालन, उद्यम व्यवसाय, उत्पादन, वितरण, बेचबिखन लगायत जीवनका सबै पक्षलाई सूचना प्रविधि मैत्री बनाउन नगरपालिकालाई फ्रि वाईफाई जोन बनाउन ३५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५१. नव निर्मित हुने प्रशासनिक भवनमा सिसिटिभी जडान गर्नका लागि २५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५२. नगरपालिकाको इन्टरनेट तथा सफ्टवेयर स्तरोन्नतिका लागि १८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५३. पदाधिकारी तथा कर्मचारीहरुको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकासका लागि २ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५४. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यक्रममा आन्तरिक स्रोतबाट ८१ लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

५५. संघीय सरकारको अनुदानमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिंदै यसका लागि ११ करोड १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

५६. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत असक्त नागरिकको विकास तथा संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५७. लैङ्गिक हिंसामा परेका व्यक्ति तथा बालबालिकाको संरक्षण तथा तत्काल उद्धारका लागि लैंगिक हिंसा निवारण कोषमा २ लाख रुपैयाँ र बाल संरक्षण कोषमा २ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५८. प्रत्येक वडामा बाल उद्यान स्थापना गरी बालबालिकाको विकासमा सहयोग पुऱ्याउन ११ लाख रुपैयाँ विनियोजन गरेको छु ।

५९. सामाजिक सुरक्षा क्षेत्रमा सशर्त तर्फ ११ करोड १० लाख ३ हजार र आन्तरिक स्रोत तर्फ ३५ लाख ५ हजार गरी जम्मा ११ करोड ४५ लाख ८ हजार विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म वाताबरण संरक्षण तथा विपद व्यवस्थापन तर्फको बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६०. संघ सरकारको सहयोगमा नवीकरणीय तथा वैकल्पिक उर्जा विकासको कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६१. उज्यालो घर तथा उज्यालो स्वास्थ्य संस्था अभियानका लागि ५ लाख रुपैयाँको व्यवस्था गरेको छु ।

६२. तत्काल उद्धार तथा राहत कार्यलाई व्यवस्थित गर्न स्थापित विपद व्यवस्थापन कोषका लागि १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

६३. विपन्न नागरिकलाई रोग तथा विपदबाट सुरक्षा दिनका लागि आर्थिक सहायता तथा राहतमा ३० लाख रुपैयाँ छुट्याइएको छ ।

६४. चट्याङको उच्च जोखिमा रहेका बस्तीमा रहेका नागरिकको सुरक्षाका लागि जोखिमयुक्त बस्ती छनौट गरी अर्थिङ गर्न ५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

६५. नगर क्षेत्रको सोलार बत्ती मर्मतका लागि १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

६६. सशर्त तर्फ ९ लाख र आन्तरिक स्रोत तर्फ ९५ लाख ४० हजार गरी वाताबरण संरक्षण तथा विपद व्यवस्थापनमा जम्मा १ करोड ४ लाख ४० हजार विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म युवा परिचालन तथा खेलकुद तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६७. युवा शक्तिलाई विकास, व्यवसाय, रोजगार तथा उत्पादनमा उपयोग गर्न युवाहरुको क्षमता सीप प्रयोग गर्ने उद्देश्यका साथ युवा परिचालन गर्ने योजना बनाएको छु । यसका लागि सशर्त तर्फ ११ लाख र आन्तरिक स्रोत तर्फ २३ लाख ८० हजार गरी जम्मा ३४ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छु ।

६८. वडा तथा नगर स्तरमा युवा क्लब तथा युवा सञ्जाल गठन गरी युवाहरुको क्षमता विकास तथा व्यवसाय प्रबर्द्धन गर्न उल्लेख्य बजेटको व्यवस्था गरेको छु ।

६९. राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका लागि ४ लाख रुपैयाँ विनियोजन गरेको छु । मेयर कप फुटबल प्रतियोगिताका लागि ३ लाख ५० हजार रुपैयाँ छुट्याएको छु । पालिका स्तरीय खेलकुदका लागि ३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७०. युवा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमका लागि १ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म सुशासन, सेवा प्रवाह र संस्थागत क्षमता विकास तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७१. समुदायमा पर्ने ससाना झैझगडा वादविवाद तथा असमझदारीहरुलाई मेलमिलाप गराई न्याय निरुपण गर्ने न्यायिक समिति व्यवस्थापनका लागि ३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७२. सार्वजनिक सुनुवाई, परामर्श, योजना निर्माण तथा कार्यान्वयनमा यथेष्ठ बजेट व्यवस्था गरेको छु ।

७३. योजना निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन नगरपालिकाको पार्श्वचित्र बनाउने व्यवस्था मिलाएको छु । यसका लागि १५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७४. योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन उपभोक्ता समितिलाई अभिमुखीकरण गर्ने तथा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु । यसका लागि ७ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७५. सेवा प्रवाहलाई व्यवस्थित गराउन पर्याप्त जनशक्ति व्यवस्था गरेको छु । यसका लागि ८० लाख रुपैयाँ विनियोजन गरेको छु ।

७६. सुशासन, सेवा प्रवाह र संस्थागत क्षमता तर्फ आन्तरिक स्रोतबाट १ करोड ७० लाख रुपैयाँ विनियोजन गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म पूर्वाधार विकास तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७७. नगरपालिकाको प्रशासनिक भवन यसै आर्थक वर्षमा सम्पन्न गर्ने गरी १ करोड ६३ लाख रुपैयाँ विनियोजन गरेको छु ।

७८. यसै आर्थिक वर्षमा २ वटा वडा कार्यालय भवन निर्माण सक्ने गरी उक्त योजनाका लागि ६० लाख रुपैयाँ विनियोजन गरेको छु ।

७९. विभिन्न सडक आयोजनाका लागि ६५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

८०. पूर्वाधार तर्फ आन्तरिक स्रोतबाट ४ करोड २५ लाख ४७ हजार रुपैयाँ विनियोजन गरेको छु ।

८१. वडा स्तरीय पूर्वाधार विकास तर्फ वडाहरुलाई ४ करोड ४० लाख विनियोजन गरेको छु

आदरणीय नगर प्रमुख ज्यू

८२. उपभोक्ता हित तथा व्यवसाय संरक्षण बजार व्यवस्थापनका आयामहरु हुन् । यसका लागि नियमित बजार अनुगमन गर्नु आवश्यक हुन्छ । यसका लागि २ लाख रुपैयाँ विनियोजन गरेको छु ।

८३. कर प्रशासनलाई व्यवस्थित गर्दै करदाताहरुमा आवश्यक सूचना प्रवाह एव कर्मचारीको क्षमता वृद्धि गर्न ४ लाख,५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

८४. उल्लेखित चालु तथा पूँजीगत खर्चका शीर्षकहरुमा ६६ करोड ९८ लाख ८ हजार खर्च हुने अनुमान गरेको छु ।

आदरणीय नगर प्रमुख ज्यू

अब म अनुमानित खर्चको स्रोत सम्बन्धी विवरण पेश गर्ने अनुमति चाहन्छु ।

८५. आन्तरिक राजस्व संकलनबाट १ करोड, संघीय राजस्व बाँडफाँडबाट ७ करोड १२ लाख ९३ हजार, प्रदेश राजस्व बाँडफाँडबाट ४५ लाख ४३ हजार, चालु आवमा खर्च भई अनुमानित बचत ३ करोड, मालपोत रजिष्ट्रेशन तथा विद्युत रोयाल्टीबाट १ करोड २३ लाख, संघीय वित्तीय समानीकरण अनुदानबाट १० करोड ५० लाख, संघीय सशर्त अनुदानबाट प्राप्त हुने २९ करोड ८ लाख, प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने १ करोड २० लाख ७२ हजार, प्रदेश समपूरक अनुदान १ करोड, प्रदेश विशेष अनुदानबाट प्राप्त हुने ५० लाख र विविध अनुदान तर्फ ११ करोड ८८ लाख गरी प्राप्त हुने कुल ६६ करोड ९८ लाख ८ हजार बजेटले अनुमानित खर्च व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

८६. आगामी आर्थिक वर्षका लागि राजस्व संकलन तथा करका दर निर्धारण सम्बन्धी छुट्टै आर्थिक विधेयक यही सभा समक्ष प्रस्तुत हुनेछ ।

८७. विभिन्न कारणले परिस्थिति असहज छ । कार्यान्वयनमा समस्याहरु छन् । सबै खाले असहजताबाट पार पाउन कार्यविधि बनाई आर्थिक वर्षको पहिलो महिनाबाटै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

अन्त्यमा

८८. यो बजेट तथा कार्यक्रम बनाउन सहयोग गर्नुहुने आवश्यक सरसल्लाह तथा सुझाव दिनुहुने सबै प्रति हार्दिक धन्यवाद टक्याउँदछु ।

८९. बजेट तथा कार्यक्रम प्रति सकारात्मक सुझावको अपेक्षा गर्दै बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गरेको छु

धन्यवाद ।

२०८१/०३/२२

यस नगपालिका नगर उप -प्रमुख श्री ज्ञानु शाहले पेश गर्नुभएको यस न.पा. को आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

यस नगरपालिकाका विद्यायन समितिका संयोजक श्री सुरेश कुमार दुराले प्रस्तुत गर्नुभएको यस नगरपालिकाको आगार्मी आर्थिक वर्षको आर्थिक ऐन **"सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन-२०७७"** पारित गर्ने निर्णय गरियो ।